# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ १ नं. प्रदेश, नेपाल

## आन्तरिक आय संकलनको ठेक्का वन्दोवस्त गर्न डाकवडावड आव्हान सम्बंन्धी सूचना
### तेश्रो पटक प्रकाशित मिति २०७६/०८/०३ गते

नगर कार्यपालिकाको मिति २०७६।७।२९ को निर्णयानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ वमोजिम यस नगरपालिका क्षेत्र भित्र वहाव भएको रतुवा र वक्राह खोलाको तोकिएको संकलन केन्द्रवाट वालुवा र भरौट कार्यालयले निर्धारण गरे वमोजिम लगाउन सक्ने देहायका विक्रि कर संकलन सम्वन्धि अतिरिक्त आय ठेक्का आ.व. २०७६।०७७ (२०७६ सम्झौता मिति देखि २०७७ जेष्ठ मसान्त सम्म) र सिजुवाको पुरानो र नया वजारको साप्ताहिक हटियाको वहाल विटौरी संकलन गर्न यस नगरपालिका अर्न्तगत निम्न लिखित कार्यहरू डाकवडावडको माध्यमबाट गराउनुपर्ने भएकोले सम्बन्धित कार्यको लागि ईच्छुक व्यक्ति, फर्म, कम्पनी सम्बन्धित सवैमा निम्न लिखित शर्तहरूको अधिनमा रही कार्य गर्न यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरू

१. डाकवडावड सम्बन्धी कागजात यो सुचना प्रथम पटक प्रकाशित भएको मिति देखि ७ औं दिन सम्म यस कार्यालयको नाममा मेगा बैंक लि, विराटनगर शाखामा रहेको संचित कोष खाता नः ००८००१००८९७२९ मा प्रत्येक डाकवडावडको आवेदन फारम रकम रू ३०००।०० नगद जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गरी नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिप, फर्म वा कम्पनी भए आफ्नो चालु आ.व. को लागि नवीकरण भएको निर्माण व्यवसायी दर्ता प्रमाणपत्र, भ्याट, प्यान दर्ता प्रमाणपत्र, अध्यावधिक कर चुक्ता प्रमाणपत्र (सबै प्रमाणपत्रहरूको प्रतिलिपी), कालो सुचीमा नपरेको स्वयं घोषणा पत्र संलग्न राखी, सक्कल अख्तियारनामा सहित, डाकवडावड फारामको निवेदन दिई १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराउन सकिने छ । न्युनतम ३ वटा फर्म वा कम्पनि वा व्यक्तिको सहभागिता अनिवार्य हुनुपर्नेछ ।

२. यस कार्यालयको छाप र प्रमुखको दस्तखत नभएको आवेदनलाई मान्यता दिईने छैन र छायाप्रति आवेदन फारम स्वीकृत हुने छैन, साथै जसको नामवाट आवेदन फारम खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नामवाट दाखिला गर्नु पर्नेछ ।

३. यस कार्यालयवाट विगतको वर्षहरूमा लगाईएको ठेक्काको रकम बुझाउन वक्यौता रहेका व्यक्ति, फर्म वा संस्थाको आवेदन स्वीकृत हुने छैन ।

४. आवेदन फारममा ठेक्का नं., ठेक्काको नाम र आवेदकको नाम, ठेगाना, मोवाइल नं. र छाप स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

५. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सातौ दिन सम्म दिनको १२:०० वजे भित्र डाकवडावडमा सहभागी हुन दर्ता भएका आवेदकहरूको आवेदन छानविन गरी सोहि दिन दिनको ५ वजे सम्ममा डाकवडावडमा भाग लिन पाउने सहभागीहरूको विवरण प्रकाशित गरिनेछ । न्युनतम ३ वटा फर्म वा र्कम्पनि वा व्यक्तिको सहभागिता अनिवार्य हुनुपर्नेछ ।

६. वुदा नं. ५ मा उल्लेख भए अनुसारका सहभागीहरू आफु स्वयम वा आधिकारीक प्रतिनिधि आठौ दिन दिनको ११:०० वजेवाट १२:०० वजे सम्म उपस्थिती गराई कार्यालयमा डाकवडावडको प्रकृया आरम्भ गरिनेछ । निर्धारित समयमा उपस्थित भई उपस्थिती नजनाउनेलाई डाकवडावडमा सहभागी गराईने छैन ।

७. डाकवडावडको प्रत्येक वोलकवोल गर्दा वोल कवोल रकमको ५ प्रतिशत हुने रकम रतुवामाई नगरपालिका, मेगा वैंक सिजुवाको रहेको धरौटी खाता न. ००८००१००८९७५१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैंक बाट रतुवामाई नगरपालिका, मोरंगको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रूपमा उल्लेख भएको वैंक जमानत पत्र (परफरमेन्स वन्ड) (डाकवडावड गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत जमानत पेश गर्नेहरूको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको जमानत फारम अनुसारनै पेश भएको मात्र मान्य हुनेछ ।

८.डाकवडावडको वोलकवोल खोल्ने कार्य माथि विवरणमा उल्लेखित समयमा उपस्थित वोलकवोलवाला वा निजको आधिकारकि प्रतिनिधीहरूको रोहवरमा वोलपत्र फाराममा उल्लेख भएको मिति र समयमा यस कार्यालयमा हुनेछ । उल्लेखित समयमा वोलकवोलवाला वा निजको आधिकारीक प्रतिनिधी उपस्थित नभएमा तोकिएको मिति र समयमा डाकवडावड हुनेछ । डाकवडावड फाराम खरिद गर्ने तथा डाकवडावड वोलकवोल गर्ने दाखिला गर्ने दिन विदा परेमा सो कार्य सोको भोलिपल्ट सोही समयमा डाकवडावड हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

९. उल्लेखित ठेक्काको वोलकवोल स्वीकृत गर्ने, अस्विकृत गर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यसै कार्यालयमा निहित रहने छ ।

१०. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकारलाई तिनुपर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदि ठेकेदार स्वयंले बुझाउनु पर्नेछ, उक्त रकम ठेक्का अंकवाट कटाउन पाईने छैन ।

११. वोलपत्र स्वीकृत भएपछि कवोल रकम किस्तावन्दीमा बुझाउदा तोकिएको ३ किस्तामा बुझाउनु पर्नेछ । ठेक्का रकम अग्रिम एकमुष्ठ बुझाउन चाहेमा कुंल कवोल अंकको ५ प्रतिशत रकम छुट दिईनेछ ।

१२. ठेकेदारले नगरपालिकाले तोकेको संकलन केन्द्रवाट तोकिएको दररेट अनुसार मात्र कर, शुल्क असुल गर्नु पर्नेछ ।

१३. ठेक्का स्वीकृत पश्चात सम्झौताको लागि आफुले कवोल गरेको रकम वरावर नगदै यस कार्यालयको वैंक खातामा जम्मा गरेको सक्कलै वैंक भौचर वा ने.रा. वैंकवाट स्वीकृत प्राप्त क श्रेणीको वाणिज्य वैंकवाट यस नगरपालिकाको नाममा जारी गरिएको कम्तीमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नु पर्ने छ ।

१४. डाकवडावड गर्दा कुनै वाधा अड्चन आइ परेमा वा ठेकेदार र कार्यालय विच विवाद वा अष्पष्ट भएमा प्रचलित ऐन, नियम एवम् सम्झौताको परिधिभित्र रही नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम र मान्य हुनेछ ।

१५. यस सुचनामा उल्लेख नभएका कुराहरू प्रचलित कानून वमोजिम हुनेछ ।

तपसिल

| सि.न | डाक वडावड/ ठेक्का नं. | ठेक्काको नाम | न्युनतम कवोल अंक | कैफियत |
|---|---|---|---|---|
| 1. | आय/खोला/१/०७६-७७ | रतुवा खोलाको वालुवा र भरौट विक्रि कर संकलन कार्य । | ४००००० | |
| 2. | आय/खोला/२/०७६-७७ | वक्राह खोलाको वालुवा र भरौट विक्रि कर संकलन कार्य । | ३००००० | |
| 3. | आय/वहाल विटौरी/३/०७६-७७ | सिजुवाको पुरानो र नयाँ वजारको साप्ताहिक हटियाको वहाल विटौरी कर संकलन गर्ने कार्य | ३०००० | |

प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भट्टराइ
प्रमुख प्रशासकीय अधिकृत